# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (२) संख्या (१) बाराहा, उदयपुर, १ नं. प्रदेश, नेपाल

चैत्र १७, २०७५ साल


**भाग–२**

## लिम्चुङबुङ गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र निर्देशिका, २०७५

लिम्चुङबुङ गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको निर्देशिका, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७५ सालको निर्देशिका नं. ०१**

# लिम्चुङबुङ गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र निर्देशिका, २०७५

**प्रस्तावना**

स्थानीय सरका सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम लिम्चुङबुङ गाउँपालिकाको गाउँ कार्यपालिकाबाट मिति २०७५/१२/१७ गते स्वीकृत गरेको निर्देशिका सर्वसाधारणको जानकारीको लागि लिम्चुङबुङ गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र निर्देशिका, २०७५ प्रकाशन गरीएको छ ।

**१. परिचय**

ज्येष्ठ नागरिकलाई संरक्षण र सामाजीक सुरक्षा प्रदान गर्न तथा निजहरूमा रहेको ज्ञान, सिप क्षमता र अनुभवको सदुपयोग गरी निजहरूप्रति श्रद्धा, आदार तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्य द्वारा तोकिएको अनुसूचि-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न लिम्चुङबुङ गाउँपालिका ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७५ जारी गरिएको छ ।

**२. परिचयपत्र वितरणका आधारहरू**

नेमालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्देश्य**

क. ज्येष्ठ नागरिकको पहिचान गर्ने र स्थानिय तह देखि नै ज्येष्ठ नागरिकको लगत राख्ने ।

ख. नेपालको संविधान प्रदत्त ज्येष्ठ नागरिकको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग सरल रूपमा प्रदान गर्ने ।





ग. प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा न्याय अधिकार र समानता प्रदान गरी निजहरूमा ज्ञान सीप क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रकृयामा सहभागी गराउने ।

**४. लक्षित वर्ग**

ज्येष्ठ नागरिक सम्बन्धि ऐन २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरू ।

**५. ज्येष्ठ नागरीकको वर्गिकरण**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरूको वर्गिकरण देहाय बमोजिम गरिएको छ;

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,
(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,
(ग) असहाय ज्येष्ठ नागरिक,
(घ) अशक्त ज्येष्ठ नागरिक,
(ङ) एकल ज्येष्ठ नागरिक,

**६. परिचय पत्र वितरणको मापदण्ड**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेका नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्न सकिने छ ।

**७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा**

ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचा यस निर्देशिकाको अनुसूची-१ बमोजिम हुनेछ । ज्येष्ठ नागरिकको परिचय-पत्रको आकार (size) नेपाली नागरिकताको प्रमाणपत्रको आकार बराबरको हुनेछ । साथै ज्येष्ठ नागरिक परिचय पत्र प्राप्तीका लागी पेश गरिने निवेदनको ढाँचा यसै निर्देशिकाको अनुसूचि २ बमोजिम हुनेछ ।

## ८. परिचय-पत्र वितरण प्रकृया

(क) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गनए साठी (६०) वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित वडाका वडाध्यक्ष समक्ष निवेदन दिनुपर्ने छ ।

(ख) निवेदन साथ आफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अन्इ जिल्लाको नागरिकताको हकमा बसाई सराई प्रमाणपत्रको प्रतिलिपि, दुई (२) प्रति पासपोर्ट साइजको फोटो संलग्न गर्नुपर्ने छ । उमेर प्रयोजनको लागी नागरिकताको प्रमाणपत्रलाई आधार मानिने छ ।

(ग) ज्येष्ठ नागरिक परिचय पत्र प्रदान र्ने अधिकार सम्बन्धित स्थानीय वडा कार्यालयका वडा सचिव हुनेछ ।

(घ) परिचयपत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेरमा कम्प्युटराईज गरी सम्बन्धित वडा कार्यालयमा राखी चौमासिक रूपमा लिम्चुङबुङ गाउँपालिकाको कार्यालयमा प्रतिवेदन गर्नु पर्नेछ । उक्त लगत गाउँ कार्यपालिकाको कार्यालय मार्फत बार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारीको लागि पठाउनु पर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित निवेदन पेश गर्नुपर्ने छ ।

## ९. विविधः

(क) ज्येष्ठ नागरिक परिचयपत्र वितरणको लागि थप कार्यविधि तथा स्पष्टता आवश्यक परेमा गाउँ कार्यपालिकाले आफै निर्धारण गर्ने छ ।

(ख) ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक अन्य कुनै दुविधा उत्पन्न भएमा प्रचलित कानूनका अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्धारण गरे बमोजिम हुनेछ ।

(ग) यो निर्देशिका गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भएपछि लागू हुनेछ । यो निर्देशिका जारी हुनुभन्दा अघि जारी भएको ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी कार्य यसै निर्देशिका बमोजिम भएको मानिने छ ।





## अनुसूची-१
## ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा
## ज्येष्ठ नागरिक परिचय पत्र

परिचय पत्र नं.................

नाम थर..........................................................................................

ना.प्र.नं...................................जारी भएको जिल्ला.................................

स्थायी ठेगानाः जिल्ला.....................................गा.पा..............................

वडा नं....................................टोल............................................

उमेर ......................................लिङ्ग...............................................

उपलब्ध छुट तथा सुविधाहरू ..............................................................

पति/पत्नीको नाम ...........................................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण ................................................

संरक्षकको नाम ............................

ठेगाना .....................................

सम्पर्क नं..................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिरहेको औषधिको नाम ...................

..........................................................................................................

सार्वजनिक स्थान तथा कार्यमा प्राथमिकता

**प्रमाणित गर्ने अधिकृतको**

दस्खतः.......................................

नाम थरः.....................................

पदः.............................................

कार्यालयः.......................................

कृपया परिचयपत्र कसैले पाएमा सम्बन्धित वडा कार्यालयमा, वा प्रहरी कार्यालयमा बुझाईदिनु होला ।

**Senior Citizen Identity card**

Card No..............................

Name ........................................................................................................................

Citizenship No.........................................................................................................

Age:................................... Gender:...................................................................

Address: Banke District,choudandogadi Submetropolitan city,

ward No:.........

Blood Group:.........................................

Contact No:...........................................

Available Discount and Services:.............................................................................

priority in public places and works

Apporved by:
Signature:.............
Name:...................
Designation:......................

if you found this card, please return back it in this office or in District police office.





**अनुसूची-२**
**(निवेदन पत्र)**

मितिः....................

श्रीमान वडाध्यक्ष ज्यू,
........नं. वडा समितिको कार्यलय,
लिम्चुङबुङ गाउँपालिका
बाराहा, उदयपुर

**विषय : जेष्ठ नागरिक परिचय पत्र पाउँ ।**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ बमोजिम म ......................ज्येष्ठ नागरिक भएको हुँदा ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ तथा लिम्चुङबुङ गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५ मा व्यवस्था भए बमोजिम सोही निर्देशिकाको अनुसुची-२ बमोजिमको ढाँचामा ज्येष्ठ नागरिक परिचय-पत्र उपलब्ध गराई पाउँ भनी तपसीलको व्यक्तिगत विवरण समेत भरी आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु।

**१. ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण**

क. नाम थर :..................................(लिङ्ग)..............
ख. बाबुको नाम थर .........................................
ग. पति/पत्निको नाम थर :...........................
घ. जन्म मिति :....................................
ङ. जन्मस्थान : जिल्ला (.......................................)
च. स्थायी ठेगाना : लिम्चुङबुङ गाउँपालिका वडा नं........
टोलको नाम ...................
छ. ना.प्रं.प.नं.........................(जारी जिल्ला )......................
ज. स्वास्थ्य सम्बन्धी विवरण : (कुनै विशेष रोग भए उल्लेख गर्ने)
.....................................................................................

२. ज्येष्ठ नागरिकको पारिवारिक विवरण :
क. जम्मा सन्तान संख्या..........., ख. छोरा...........
ग. छोरी........... घ. अन्य............ जना ।
ङ. हेरचाह केन्द्रमा बसेको भए सो को विवरण :
३. शैक्षिक योग्यता..............................
४. पेशागत दक्षता............................
५. अनुभवको क्षेत्र............................
६. ज्येष्ठ नागरिकको सम्पत्ति विवरण :
अ. चल सम्पत्ति...................... आ. अचल.......................
७. सम्पर्क व्यक्तिको सम्पर्क नम्बर :......................................................

**पेश गरिएका कागजातहरू**
क. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
ख. बाह्य जिल्लाको नागरिकता भए बसाईसराई प्रमाण-पत्रको प्रतिलिपि ।

निवेदक :
दस्तखत :
नाम थर :

२०७५/१२/१७

**आज्ञाले**
**भक्त बहादुर राई**
**(प्रमुख प्रशासकीय अधिकृत)**

**प्रकाशित मितिः** २०७५/१२/२२